मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

# पूर्ण खोप प्रदेश घोषणा




पूर्ण खोप सुनिश्चितता निर्देशिका २०७१ (तेश्रो संस्करण २०७७) अनुसारको सबै प्रक्रिया पुरा गरी मिति २०८१ असार १४ गतेका दिन मधेश प्रदेश लाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा कार्यक्रम सम्पन्न भएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्ला तथा १ सय ३६ वटै स्थानीय तह पूर्ण खोप सुनिश्चितता घोषणा भइसकेपछि विधिवत् रुपमा मधेश प्रदेश पूर्ण खोप सुनिश्चितता भएको प्रदेश घोषणा भएको प्रदेश खोप समन्वय समितिका सदस्य सचिव एवं मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. राजीवकुमार झाले बताए ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधन प्रसाद सिंह, स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री केशव राय तथा मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले संयुक्त रुपमा पूर्ण खोप सुनिश्चितता प्रदेश घोषणा गरेका थिए।

कार्यक्रममा स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, वाल स्वास्थ्य तथा खोप सेवा शाखाका प्रमुख डा. अभियान गौतमले संघ सरकारको तर्फबाट प्रदेश खोप समन्वय समितिलाई पूर्ण खोप सुनिश्चितताको प्रमाण पत्र प्रदान गरेका थिए ।



पूर्ण खोप घोषणाको क्रममा प्रदेश भित्रका १६ देखि ५९ महिना भित्रका zero dose का ५७७ जना र आंशिक खोप पाएका ११०९२ जना बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका अनुसारको सबै खोप लगाएर मधेश प्रदेश लाई पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएको हो ।

उक्त कार्यक्रममा पूर्ण खोप प्रदेश घोषणा गर्न सहयोग गर्ने आठ वटै स्वास्थ्य कार्यालय प्रमुख, खोप अधिकृत तथा कोल्डचेन अधिकृतहरुलाई प्रशंसा पत्र वितरण गरिएको थियो भने कार्यक्रममा उपस्थित अतिथिहरुलाई मायाको चिनो तथा दोसल्ला ओढाई सम्मान गरिएको थियो ।



कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री शत्रुधनप्रसाद सिंहले मधेश प्रदेश पूर्ण खोप सुनिश्चितता घोषणासँगै अब जन्मिने बालबालिकाहरु लाई पनि खोप सेवाबाट बञ्चित नगराई सबै खोप लगाउनुपर्नेमा जोड दिदै पूर्ण खोपको सुनिश्चिततासँगै यसको निरन्तरता दिनका लागि थप मेहनत आवश्यक भएको बताए ।

पूर्ण खोप घोषणा कार्यक्रमको समापन कार्यक्रमका अध्यक्ष तथा मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले मधेश प्रदेश पूर्ण खोप घोषणा हुनु ठुलो सफलता भएको औँल्याउदै यसको दीगोपना चुनौतीको रुपमा रहेको बताउनु भएको थियो । साथै वालवालिकाहरु छुट हुन सक्ने क्षेत्र तथा वस्तीहरुमा थप मेहनतका साथ खोप सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रमको सञ्चालन स्वास्थ्य निर्देशनालयका फोकल पर्सन खोप अधिकृत श्री लक्ष्मेश्वर झा ले गरेका थिए।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

# दादुरा रुबेला खोप अभियान संचालन





फाल्गुन १३ गते देखि चैत्र ७ गत्ते सम्म मधेश प्रदेश का ९ महिना देखि १५ वर्ष मुनिका बालबालिकाहरुलाई दादुरा रुबेला खोप अभियान संचालन गरिएको छ l

अभियानको क्रममा प्रदेशका ८ वटै जिल्लाका ९ महिना देखि १५ वर्ष मुनिका जम्मा १९९४४३० जना बालबालिकाहरुलाई दादुरा रुबेलाको एक मात्रा खोप लगाईएको थियो। उक्त अभियानमा १००% वालवालिकाहरुले खोप सेवा पाएका थिए |

अभियान पुर्व ८ वटै जिल्लाका प्रमुख , खोप फोकल पर्सन, कोल्डचेन सुपरभाइजर, विश्व स्वास्थ्य संगठन, युनिसेफ र वाटर एड लगायत को सहभागितामा प्रदेश स्तरीय सुक्ष्मयोजना तर्जुमा गोष्ठीको आयोजना गरि अभियानको तयारी सोही योजना अनुसार गरिएको थियो।

अभियान अवधिभर खोप केन्द्रको सुपरीवेक्षण तथा अनुगमन गरि स्वास्थ्यकर्मीहरु लाई प्रोत्साहन साथै अभियान पश्चात समिक्षा गोष्ठी समेत सम्पन्न गरेको निर्देशनालयका फोकल पर्सन लक्ष्मेश्वर झाले बताउनु भयो।

# पोलियो रोग उन्मुलनको लागि आई.पी.भी ( पोलियो) खोप अभियान सम्पन्न



पोलियो रोग उन्मुलन गर्ने उदेश्यले २०८१ जेष्ठको १३ गते देखि १७ गते सम्म मधेश प्रदेश भरिनै आई.पी.भी (पोलियो) खोप अभियान संचालन गरियो। नेपालबाट सन् २०२६ सम्म पोलियो रोग उन्मुलन गर्ने लक्ष्यका साथ राष्ट्रव्यापी रुपमा यो अभियान सञ्चालन भएको थियो।

यस अभियानमा २०७३ साल बैशाख देखि २०७५ असोज सम्म जन्मिएका समुहका बालबालिकालाई पोलियो रोग विरुद्धको आई.पी.भी खोप लगाइएको थियो।

अभियानको क्रममा २८८०२२ बालबालिकालाई खोप सेवा प्रदान गरिएको थियो।

अभियान स्वास्थ्य कार्यालय, स्थानीय तह, स्वास्थ्य संस्था, खोप कार्यकर्ता, शिक्षक, स्वयंसेवक लगायत साझेदार संस्थाहरुको सहयोगमा सम्पन्न भएको थियो।



मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

## स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धि ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न





स्वास्थ्य निर्देशनालय मधेश प्रदेशको आयोजना तथा युनिसेफ नेपालको सहयोगमा स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धि ५ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।

जिल्ला तथा स्थानीय तहमा कार्यरत खोप कार्यक्रम सम्बन्धि विभिन्न तालिम गोष्ठी संचालन गर्न सहभागीहरुको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले दुइ समुहमा गरि ५० जना स्वास्थ्यकर्मीलाई सहभागी गराई राष्ट्रिय खोप सम्बन्धि प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको हो।

तालिममा सहभागीहरुलाई गुणस्तरीय खोप सेवा प्रदान गर्न राष्ट्रिय खोप कार्यक्रममा उपलब्ध खोपहरु, नयाँ खोप र खोपबाट बचाउन सकिने रोगहरु, खोप कोल्डचेन व्यवस्थापन, भी.पी.डी. सर्भिलेन्स, खोप कार्यक्रममा प्रयोग हुने अभिलेख र प्रतिवेदन फारमहरु र प्रयोगबारे पूर्ण जानकारी र नियमित खोप कार्यक्रममा सरसफाई प्रबद्र्धन कार्यक्रमको महत्वको बारेमा जानकारी साथै खोप सेसन संचालन गर्ने अभ्यास गरिएको थियो।

## स्वास्थ्यकर्मीहरुका लागि ४ दिने खोप सम्बन्धि आधारभूत तालिम सम्पन्न

स्वास्थ्य निर्देशनालय मधेश प्रदेशको आयोजना तथा युनिसेफ नेपालको सहयोगमा स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धि ४ दिने आधारभूत तालिम सम्पन्न भएको छ।

मधेश प्रदेशका ८ वटै जिल्लाका विगतमा खोप सम्बन्धि आधारभूत तालिम नलिएका नयाँ खोप कार्यकर्तालाई लक्षित गरि तालिम संचालन गरिएको थियो। ५ वटा ब्याचमा संचालित तालिममा जम्मा १२२ जना स्वास्थ्यकर्मीको सहभागिता रहेको थियो।



तालिममा स्वास्थ्य निर्देशनालय, प्रदेश खोप आपूति ब्यबस्थापन केन्द्र ,युनिसेफ, बिश्व स्वास्थ्य संगठन, मधेश प्रदेशका प्रतिनिधिहरुले सहजीकरण गरेका थिए।

तालिममा सहभागीहरुलाई गुणस्तरीय खोप सेवा प्रदान गर्न राष्ट्रिय खोप कार्यक्रममा उपलब्ध खोपहरु, नयाँ खोप र खोपबाट बचाउन सकिने रोगहरु, खोप कोल्डचेन व्यवस्थापन, भी.पी.डी. सर्भिलेन्स, खोप कार्यक्रममा प्रयोग हुने अभिलेख र प्रतिवेदन फारमहरु र प्रयोगबारे पूर्ण जानकारी र नियमित खोप कार्यक्रममा सरसफाई प्रबद्र्धन कार्यक्रमको महत्वको बारेमा जानकारी साथै खोप सेसन संचालन गर्ने अभ्यास गरिएको थियो।

तालिम स्वास्थ्य निर्देशनालयका निर्देशक डा. राजिव कुमार झाको अध्यक्षता साथै खोप अधिकृत लक्ष्मेश्वर झाको मुख्य प्रशिक्षणमा सम्पन्न भएको थियो।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

## खोप तथा भ्याक्सिनको कोल्ड चेन ब्यबस्थापन सम्बन्धि तालिम सम्पन्न



स्वास्थ्य निर्देशनालयको आयोजनामा खोप तथा भ्याक्सीनको कोल्डचेन ब्यबस्थापन सम्वन्धी २ दिने तालिम बर्दिवासमा सम्पन्न भयो।

स्वास्थ्य कार्यालयमा कार्यरत खोप फोकल पर्सन र कोल्डचेन सुपरभाइजरहरुको खोप तथा भ्याक्सीनको कोल्डचेन ब्यबस्थापन सम्बन्धि क्षमता अभिबृद्धि गर्ने उद्देश्यले तालिम संचालन गरिएको हो।

तालिममा खोप फोकल पर्सन र कोल्डचेन सुपरभाइजर गरि 24 जना सहभागिता रहेको थियो।

तालिममा कोल्डचेन ब्यबस्थापनका लागि आईस प्याक कन्दिसनिंग, भी.भी.एम, बहुमात्रा भ्याक्सिन भाइल नीति, सुरक्षित सुइ नीति, सुक्ष्मयोजना तथा खोप आपूर्ति ब्यबस्थापन लगायतका विषयबस्तुहरुमा सहजीकरण तथा छलफल गरिएको थियो।

तालिम स्वास्थ्य निर्देशनालयका निर्देशक डा. राजिव कुमार झाको अध्यक्षता साथै खोप अधिकृत लक्ष्मेश्वर झाको मुख्य प्रशिक्षणमा सम्पन्न भएको थियो।

## " खोप छुट बच्चा (शुन्य डोज तथा ड्रप आउट) को पहिचान र छुट खोप पूरा गरी पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबद्र्धनको लागि रणनीति तयारी तथा सुक्ष्म योजना अद्यायवधिक सम्बन्धि ३ दिने गोष्ठि"

खोप सेवाबाट बन्चित रहेका बस्ती, समूह, क्षेत्रको पहिचान गरी खोप सेवा प्रदान गर्न, ड्रप आउट बच्चाहरुको खोजी गरी खोप प्रदान गर्न, पूर्ण खोप सुनिश्चितता र दिगोपना कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले मिति २०८० /०९/२७ देखि २०८० /०९/२९ सम्म बौवा होटल लालागढमा पूर्ण खोप सुनिश्चितता तथा नियमित खोप र सरसफाई प्रबद्र्धनको लागि रणनीति तयारी तथा सुक्ष्म योजना अद्यायवधिक सम्बन्धि ३ दिने गोष्ठि सम्पन्न भएको छ|

उक्त गोष्ठीमा ८ वटै जिल्लाका प्रमुख , खोप फोकल पर्सन, कोल्डचेन सुपरभाइजर, विश्व स्वास्थ्य संगठन, युनिसेफ र वाटर एड प्रतिनिधि, श्री स्वास्थ्य सेवा बिभाग परिवार कल्याण महाशाखा, वाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतम, जन. स्वा. अ. संजय महासेठ लगायत ६० जनाको सहभागीतामा कार्यक्रम सम्पन्न भएको थियो|




उपलब्धि र सिकाई

१) राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य, उद्देश्य बारे जानकारी र समग्र राष्ट्रिय तथा प्रदेश स्तरको प्रगति अवस्था, समस्या चुनौती र आगामी कार्य दिशा बारे जानकारी र छलफल भएको|
२) आर्थिक बर्ष २०७९/०८०को जिल्लागत कार्यक्रमको प्रगति समिक्षा र तथ्यांक विश्लेषण गरि प्रस्तुति भएको|
३) सुक्ष्मयोजना तयारि प्रकृयाबारे जानकारी तथा अभ्यास र छलफल भएको|
४) चालु वर्षको लागि विनियोजित क्रियाकलापको जिल्लागत कार्य योजना तयारी र प्रतिबध्ता जाहेर भएको|
५) मिति २०८१/०३/१४ गते मधेश प्रदेश पूर्ण खोप युक्त सुनिश्चित प्रदेश घोषणा गर्ने निर्णय भएको|

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

## न्यूनतम सेवा मापदण्ड (आ.व २०८०/८१)




| CRITERIA | |
|---|---|
| | <50% |
| | 50%-70% |
| | 70%-85% |
| | 85% and above |

प्राथमिक अस्पताल (बर्दिबास , चन्द्रनिगाहपुर, पोखरिया, भारदह र नयनपुर) मध्ये बर्दिवास अस्पतालले सबैभन्दा बढी ८२% अंक प्राप्त गरेको छ भने सेकेण्डरी-ए ( Secondary-A) स्तर अस्पताल (प्रादेशिक अस्पताल-गौर , कलैया, मलंगवा, जलेश्वर, सिरहा र लहान) , जलेश्वर र सिरहाले उच्चतम स्कोर 93% सेकेन्डरी B ( Secondary-B) MIHS/प्रादेशिक जनकपुर अस्पताल-60% Tertiary अस्पताल (GNSH, नारायणी अस्पताल), नारायणी अस्पताल-62%;

## अस्पताल व्यवस्थापन समितिलाई अभिमुखीकरण कार्यक्रम





माननीय स्वास्थ्यमन्त्री श्री शत्रुधन सिंह र माननीय राज्यमन्त्री केशव रा०को उपस्थितिमा लालगढमा आयोजित कार्यक्रममा मधेस प्रदेशका सबै अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सहित अस्पताल व्यवस्थापन समितिका सदस्यहरूलाई अभिमुखीकरण कार्यक्रम गरिएको थियो।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
सपही, धनुषा, नेपाल
मासिक समाचार पत्रिका
अंक १ , २०८१ साउन १५ , 30 July 2024

## द्रुत प्रतिकार्य सम्बन्धि कार्यशाला गोष्ठी

प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजना, स्वास्थ्य कार्यालयहरुको समन्वय तथा विश्व स्वास्थ्य संगठन को बित्तिय तथा प्राबिधिक सहयोगमा पलिकाहरुमा द्रुत प्रतिकार्य सम्बन्धि कार्यशाला गोष्ठी संचालन भएको छ। स्वास्थ्य आपतकालीन अवस्थाको पूर्वतयारी तथा प्रतिकर्यको लागि RRT , RRC गठन तथा अभिमुखीकरण अपरिहार्य रहेको छ।



सप्तरीको खड्ग नगरपालिकामा आरआरटी र आरआरसी टोली गठन सम्पन्न भएको छ ।



सिरहाको सुखीपुर नगरपालिकामा आरआरटी र आरआरसी टोली गठन सम्पन्न भएको छ।



सिरहाको गोलबजार नगरपालिकामा आरआरटी र आरआरसी टोली गठन सम्पन्न भएको छ



पर्साको विन्दवासिनी गाउँपालिकामा आरआरटी र आरआरसी टोली गठन सम्पन्न भएको छ ।

**नोटः सप्तरीको तिरहुत, खडक, शम्भुनाथ, रुपानी, अग्निसाइर कृष्णसवरण, कञ्चनरुप र सप्तकोशी नगरपालिका**

**सिरहाको सुखीपुर, गोलबजार, मिर्चैया, कर्जना र नरहा नगरपालिका**

**पर्साको बिन्दवासिनी, जिराभवानी, सखुवापरसौनी, पर्सागढी नगरपालिका आरआरटी र आरआरसी टोली गठन सम्पन्न भएको छ ।**

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

सपही, धनुषा, नेपाल

# मासिक समाचार पत्रिका

अंक १ , २०८१ साउन १५ , 30 July 2024




Ewars (Early warning and reporting system)इवार्स समिक्षा कार्यक्रम मधेश प्रदेश अन्तर्गत रहेका ११वटा सेन्टिनल साइटवाट मे सु र कार्यक्रम फोकल पर्सन मे रे अ हरुको सहभागीतामा गत महिनामा सम्पन भएको थियो ।कार्यक्रमको अध्यक्षता स्वास्थ्य निर्देशनालयका निर्देशक डा राजीव कुमार झा ले गर्नुभएको थियो EDCD वाट सर्भेलेन्स शाखा प्रमुख सागर दहाल र तथ्याक अधिकृत भोला रोकाया तथा मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य शाख प्रमुख डा इन्द्रजित रजकको उपस्थति रहेको थियो तथा कार्यक्रम संचालनको जिम्मेवारी तथ्यांक अधिकृत सरोज कुमार यादवले गर्नुभएको थियो । EWARS समिक्षा कार्यक्रमको उदेश्यहरु

- महामारीका कारणले भएका प्रभावितहरुको यथार्थ विवरण जानकारी भई सो को आधारमा रोगको रोकथाम, नियन्त्रण र व्यबस्थापन गर्नु यस कार्यक्रमको उद्देश्य हो।
- ईवार्स प्रतिवेदन कार्यमा देखापरेका समस्या समाधान गर्नु, नियमित रूपमा पृष्ठपोषण दिइ गुणस्तरीय तथ्यांकको प्राप्ती र प्रयोग गर्नु हो ।

## मधेश प्रदेशमा EWARS Reporting अनुसार सन् २०२४ मा रिपोट भएका रोगहरु

| 2 Madhesh Province | |
|---|---|
| Disease Name / Period | 2024 |
| AGE | 2 445 |
| Cholera | 10 |
| COVID-19 | 1 |
| Dengue | 18 |
| Enteric Fever | 322 |
| Hepatitis-Acute Jaundice | 2 |
| Kala azar | 6 |
| Malaria Falciparum | 5 |
| Meningococcal Meningitis | 3 |
| Pneumonic Plague | 1 |
| SARI | 663 |
| Scrub Typhus | 7 |
| Suspected Measles Like Illness | 2 |
| Whooping Cough | 6 |
| Snake Bite - Poisonous | 3 |
| SHAPU | |

## EWARS Reporting Status of 2024SunW29




## सम्पादक मण्डल

१. डा राजीव कुमार झा (निर्देशक, स्वास्थ्य निर्देशनालय)

२. लक्ष्मेश्वर झा (खोप अधिकृत)

३. सरोज कुमार यादव (तथ्यांक अधिकृत )

४. मोहम्मद जावेद (प्राविधिक सहयोग, PHEOC)